दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक १८८ | बुटवल | २०८१ असार २१, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday July 05, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# शिक्षकहरूमा गुणस्तर नहुँदा एसईई नतिजा खस्कियो : ओली

**पूर्व प्रधानमन्त्री समेत रहेका ओलीले उनुत्तीर्ण विद्यार्थीहरूलाई विज्ञ शिक्षकबाट एसईईको निःशुल्क अनलाइन कक्षा सञ्चालन गर्ने उद्घोष गरे ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एसईईको पुरक परीक्षा दिने विद्यार्थीहरुलाई निःशुल्क अनलाइन कक्षा सञ्चालन गर्ने बताएका छन् । शिक्षकहरु गुणस्तरका नहुँदा धेरै विद्यार्थीहरु एसईई परीक्षामा फेल भएको उल्लेख गर्दै ओलीले विज्ञ शिक्षकहरुबाट मुख्य मुख्य विषयहरुको निःशुल्क अनलाइन कक्षा सञ्चालन गरिने बताए ।

नेकपा एमालेको भातृ संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन रुपन्देहीले बुटवलमा आयोजना गरेको विद्यार्थी सम्मान कार्यक्रममा बोल्दै ओलीले अबको केही दिनभित्रै विषय विज्ञ शिक्षकहरुबाट मुख्य विषयहरुको अनलाइन कक्षा सञचालन गर्ने जनाए ।




'मुख्यगरी अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयमा धेरै विद्यार्थीहरु एसईई परीक्षामा अनुत्तीर्ण हुनुभएको छ, अहिले अनुत्तीर्ण भए पनि पुरक परीक्षामा पास बनाउने गरी हामीले निःशुल्क अनलाइन कक्षा सञ्चालन गर्दैछौं, त्यसमा जोडिन सबै विद्यार्थीहरुलाई मेरो आग्रह छ ।'-ओलीले भने ।

उनले फेल भएका विद्यार्थीहरुलाई मौका परीक्षामा राम्रो तयारी गरेर सहभागी हुन् आग्रह गरे । 'अझैं पनि केही बिग्रिएको छैन, मौका परीक्षा आउन एक महिना समय बाँकी छ, यो समयमा राम्रो तयारी गरेर पासहुने गरी परीक्षा दिनुभयो भने अहिले पास भएका विद्यार्थीसँगै पढ्न पाउनुहुने छ, त्यसको लागि तयारी राम्रो गर्नुपर्‍यो ।'- उनले भने ।

२०८० चैत्र १५ गतेदेखि सञ्चालन भएको एसईई परीक्षामा ननग्रेडमा परेका र अनुपस्थित भएका सबै परीक्षार्थीहरुका लागि राष्ट्रिय परीक्षा बोर्डले साउन २३ गतेदेखि २९ गतेसम्म पुरक परीक्षा तोकेको छ ।

सोही परीक्षालाई लक्षित गरेर फेसबुक पेज र अनलाइनमार्फत् निःशुल्क कक्षा सञ्चालन गर्न लागिएको ओलीले बताए । उनले शिक्षकहरुमा आफूभित्र भएको ज्ञान समेत प्रदान गर्ने सीप नहुँदा धेरै विद्यार्थीहरु फेल भएको जनाए । 'अब शिक्षकहरुमा भएको ज्ञानलाई विद्यार्थीले बुझ्ने गरी प्रदान गर्ने सीप बढाउनुपर्छ ।'- ओलीले भने ।

सम्बोधनको क्रममा कुनै पनि राजनीतिक अभिव्यक्ति नदिएका ओलीले नेपाल सधैं स्वतन्त्र र स्वाभिमानी रहेकोले कुनै पनि मुलुकका सामु कहिल्यै झुक्न नपरेको बताए ।

यसैबीच नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले नयाँ बन्ने सरकारले शिक्षा क्षेत्रका समस्या नयाँ उचाइबाट समाधान गर्ने दाबी गरे । पौडेलले गुणस्तरीय शिक्षा आर्जन गर्ने, देशभित्रै रहेर पार्टी निर्माण योगदान दिने, नेपाली विद्यार्थीको चाहना पूरा हुने गरी काम नयाँ बन्ने सरकारले काम गर्ने जनाए । उनले नयाँ बन्ने सरकारले सरकारले स्वाभाविक रूपमा अरू क्षेत्रका समस्या समाधानका साथसाथै शैक्षिक क्षेत्रका समस्या समाधान गर्ने जिकिर गरे । उनले केही दिनभित्रै अध्यक्ष ओलीको नेतृत्वमा सरकार निर्माण हुने पनि बताए ।

उनले भने-'अब तपाईंहरुले ठूलो आशा र भरोसाका साथमा, विश्वासको साथमा आफ्ना कदम अघि बढाए हुन्छ । नेपालमा सही शैक्षिक गुणस्तरको दृष्टिकोणले सबै प्रकारको अनुकूल परिस्थिति निर्माण गर्ने, दक्ष जनशक्ति उत्पादन गर्ने, देशभित्रै रोजगारी आर्जन गर्ने, उद्यमशीलताको विकास गर्ने, देशको समृद्धिका निम्ति काम गर्ने । एउटा सम्मानित नागरिकका हैसियतले जीवन व्यतीत गर्ने, त्यस खालको अनुकूल परिस्थिति निर्माण गर्ने सङ्कल्पका साथमा हिजो मुलुकको प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिरहनुभएको थियो ।'

उनले भने-'त्यो बेलामा त्यो किसिमको परिस्थिति निर्माण गर्न धेरै हदसम्म सफल प्राप्त गर्नुभएको सम्मानित व्यक्तित्व केपी शर्मा ओलीज्यू यहाँ हुनुहुन्छ । उहाँको नेतृत्वमा केही दिनको अन्तरालमा जुन सरकार नेपालले प्राप्त गर्दैछ । त्यो सरकारले स्वाभाविक रूपमा अरू क्षेत्रका समस्या समाधानका साथसाथै शैक्षिक क्षेत्रका समस्याको नयाँ उचाइबाट समाधान गर्दै गुणस्तरीय शिक्षा आर्जन गर्ने, देशभित्रै रहेर पार्टी निर्माण योगदान दिने, नेपाली विद्यार्थीको जुन चाहना छ, त्यो चाहना पूरा हुनेछ भन्ने विश्वासका साथमा अघि बढ्नुहोला ।'

अनेरास्ववियूले एसईई परीक्षामा जीपीए ४ ल्याएर उत्तीर्ण भएका रुपन्देहीको सैनामैना नगरपालिका वडा नं. ६ स्थित रामापुर माध्यमिक विद्यालयका विद्यार्थी कृतिम भट्टराई र बुटवलको न्यू होराइजन बोर्डिङ स्कुलका प्रवेश खनालसँगै रुपन्देहीका सामुदायिक विद्यालयबाट ए प्लस ल्याएर उत्तीर्ण भएका एक हजार २२८ जना विद्यार्थीलाई सम्मान गरेको हो ।

# पूर्व अध्यक्ष ज्ञवालीको निधन



बुटवल । दैनिक लुम्बिनीको प्रकाशन संस्था सिद्धार्थ पब्लिकेशनप्रालिका पूर्व अध्यक्ष एवं समाजसेवी ऋषि ज्ञवालीको बिहीबार बिहान निधन भएको छ । ६८ वर्षीय ज्ञवालीको उपचार गर्दागर्दै काठमाडौंको मेडिसिटी अस्पतालमा बिहान ३ बजे निधन भएको हो ।

पाँच महिनाअघि उनको मृर्गौला प्रत्यारोपण भएको थियो । २०१३ साल भदौ २४ गते भारतको सिलाङमा जन्मिएका ज्ञवाली तत्कालीन नेकपा मालेमा संगठित भई राजनैतिक आन्दोलनमा क्रियाशिल थिए । उनी लामो समय मणिमुकुन्द सेन उद्यानको उपाध्यक्ष भई उद्यानको संस्थागत विकासमा योगदान गरेका थिए । एन्फा एकेडेमीमा आबद्ध भई फुटबलको व्यवसायिक विकासमा महत्वपूर्ण भूमिका खेलेका थिए ।

बुटवलमा केन्द्रीय कार्यालय भएको सिद्धार्थ डेभलपमेण्ट बैंकको स्थापनाकालमा सञ्चालक रहेका उनी यहाँका विभिन्न सामाजिक संघसंस्थामा आबद्ध रहेका थिए । स्वर्गीय ज्ञवालीको बिहीबार पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ । उनका एक छोरा र दुई छोरी छन् ।

सिद्धार्थ पब्लिकेशनका अध्यक्ष मोहन चापागाईंले शोक विज्ञप्ति निकाल्दै पूर्व अध्यक्ष ज्ञवालीको निधनले स्तब्ध बनाएको बताएका छन् ।

'स्वर्गीय ज्ञवालीले दैनिक लुम्बिनीको संस्थागत विकासमा पुऱ्याउनुभएको योगदान अतुलनीय छ, यो योगदान हामीले सधैं सम्झने छौं, हाम्रा अभिभावकले मार्गनिर्देश गरेको बाटो हामीलाई सधैं प्रेरणादायी हुनेछ ।'-विज्ञप्तिमा भनिएको छ ।

# लुम्बिनीमा एमालेले लियो समर्थन फिर्ता

## अल्पमतमा मुख्यमन्त्री महरा, राजीनामा दिएका मन्त्रीलाई भोज

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा एमालेले लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महरालाई दिएको समर्थन फिर्ता लिएको छ । संसदीय दलका नेता लिला गिरीले मुख्यमन्त्री महरालाई दिएको समर्थन फिर्ता लिएको बताए ।

एमालेले समर्थन फिर्ता लिइसकेपछि महरासँग १८ मात्र सांसद छन् । ८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा बहुमतका लागि कम्तीमा ४४ सांसदको समर्थन आवश्यक हुन्छ । प्रदेश सभामा एमालेको २९ र कांग्रेसको २७ गरी ५६ सांसद छन् । यसमा साना दलहरूलाई पनि समेट्ने एमाले र कांग्रेसको योजना छ । संघमा भएको सहमतिको ड्राफ्टअनुसार लुम्बिनी प्रदेशको नेतृत्व एमालेले गर्नेछ । लुम्बिनी प्रदेशमा सबैभन्दा ठूलो दल एमालेका २९, नेपाली कांग्रेसका २७ माओवादी केन्द्रका सभामुखसहित ११ सांसद छन् । यस्तै नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका ४ र ४, लोकतान्तिक समाजवादी पार्टी र जनता समाजवादी पार्टीका ३-३, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका एक र एक जना तथा एकजना स्वतन्त्र गरी ८७ सांसद छन् ।




**मन्त्रीलाई बिदाई भोज**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले नेकपा एमालेका मन्त्रीहरूका लागि आफ्नै निवासमा बिदाई भोज आयोजना गरेका छन् । संघीय सरकारमा सत्ता समीकरण परिवर्तन हुन लागेसँगै लुम्बिनीमा पनि एमालेका मन्त्रीहरूले सरकार छाड्न लागेका छन् । मन्त्रीहरूले सरकार छाड्ने भएसँगै मुख्यमन्त्री महराले बिदाई भोज आयोजना गरेका हुन् ।

'बस्ने र गफगाफ गर्ने, खाजासाजा खाऔं भन्ने हो,' उनले भने-'मेरो मन्त्रिमण्डलमा सहभागीहरूलाई निस्कदा पनि राम्रै सम्मान गरौं भन्ने हो ।' महराको मन्त्रीमण्डलमा सहभागी पाँच जना एमालेका मन्त्रीहरूले बिहीबार नै राजीनामा बुझाउने भनेर खबर दिएका थिए ।

एमालेबाट प्रदेश सरकारमा नेतृत्व गर्दै आएका आर्थिक मामिला तथा योजना मन्त्री तथा दलका उपनेता चेतनारायण आचार्यले मुख्यमन्त्री महरासमक्ष सामूहिक राजीनामा बुझाइएको बताए । 'हामीले राजीनामा बुझाउन आउँदै छौं भनेर खबर गरेका थियौं,' आचार्यले भने-'त्यसो भए मैले तपाईंहरूलाई मिठो भोजनसहित बिदाई गर्न पाउनुपर्छ भन्ने कुरा गर्नुभयो र हामीले पनि ठिकै छ हामी त्यसमा सहभागी हुन्छौं भनेका छौं ।'

पछिल्लो समय केन्द्रमा एमाले र नेपाली कांग्रेसका बीच नयाँ राजनीतिक समीकरण बनेसँगै यसको असर लुम्बिनीमा देखिएको हो । लुम्बिनीमा पनि एमाले र कांग्रेसको गठबन्धनमा सरकार बनाउने तयारी भइरहेको छ ।

» *बाँकी ३ पेजमा*



# सम्पादकीय

## विशेष आर्थिक क्षेत्र उद्योगीमैत्री हुनुपर्छ

निर्यातजन्य उद्योग स्थापनाका लागि दुई दशकअघि विशेष आर्थिक क्षेत्र सेज अवधारणा अघि सार्दै सरकारले भैरहवासहित देशका विभिन्न ठाउँमा विशेष आर्थिक क्षेत्र स्थापना गर्‍यो । विश्वका विभिन्न मुलुकमा विशेष आर्थिक क्षेत्र (सेज) निर्माणले निर्यातजन्य उद्योग स्थापना भएका र ती मुलुकले लाभ लिइरहेको बेला नेपालले पनि सेजको सञ्चालनपछि लाभ लिन्छ भन्ने आँकलन थियो । तर अहिले सेजमा उद्योग स्थापना गर्न उद्योगी हिच्किचाइरहेका छन्, जसले उद्योग स्थापना गरेका छन्, उनीहरु निराश छन् । सेजमा उद्योग स्थापना गरेर सञ्चालन गर्न भएका कठिनाइ हटाउन राज्य अग्रसर नहुँदा उद्योगी निराश छन् ।

अहिले सेजमा सञ्चालन हुने उद्योगले उत्पादनको ६० प्रतिशत निर्यात गर्नुपर्ने प्रावधान छ । सेज ऐनमा भएको यो प्रावधानअनुसार उद्योग चलाउन नसकिने भन्दै पटक-पटक उद्योगीले सरकारको ध्यानाकर्षण गराएका छन् । उद्योग स्थापना गर्दा प्रति वर्ग मिटर भाडा २० रुपैयाँ तोकिएको छ । यी दुई प्रावधानमा सुधार गरी उद्योगीमा आशाको सञ्चार गर्न आवश्यक छ । नेपालबाट निर्यात हुने वस्तुको उत्पादन बढाउन निर्यात गर्दा हुने अनेक झण्झट हटाउन पनि सरकारको ध्यान पुग्न आवश्यक छ । सेज ऐन संशोधन गर्न संसदमा पुगेको छ, यो संशोधन प्रस्ताव लामो समय अड्काएर राख्ने भन्दा छिटो टुंगोमा पुर्‍याउन आवश्यक छ । भाडा र निर्यात प्रावधानमा संशोधन भएर सेज ऐन आयो भने त्यसले सकारात्मक वातावरण बनाउने छ, सेज सञ्चालनका लागि ।

भैरहजा विशेष आर्थिक क्षेत्र सेज ५२ विघामा फैलिएको छ । यहाँ ६४ वटा प्लट छन् । त्यसमध्ये आधा प्लट अझैं बाँकी छन् । सञ्चालनमा आएका उद्योगले पनि पूर्णरुपमा उत्पादन गर्न सकेका छैनन् । उत्पादनको ६० प्रतिशत अनिवार्य निर्यात गर्नुपर्ने प्रावधानकै कारण उत्पादन घटाउनुपर्ने बाध्यतामा उद्योगी परेका छन् । निकासी नहुँदा आन्तरिक बजारमा बेच्न नपाउने व्यवस्थाले सञ्चालनमा आएका कतिपय उद्योग परेका छन् । अझैं विद्युत्को राम्रो व्यवस्था हुन सकेको छैन । एकीकृत सेवा युनिटको स्थापना गर्ने भनिए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । उद्योगी आकर्षित नहुँदा राज्यको अर्बौं लगानी खेर गएको छ ।

अब के गर्दा उद्योगी आकर्षित हुन सक्छन्, सरकारले उद्योगीमैत्री नीति ल्याएर सेज सञ्चालनको वातावरण बनाउनुपर्छ । राज्यको लगानीअनुसार प्रतिफल दिने उद्योगलाई आकर्षित गर्न ऐनको संशोधन गर्न प्राथमिकता दिनुपर्छ ।

# वल्लो घरको नरे पल्लो घर सरे बल्ल अहिले आफैं उत्तानो परे



विनबहादुर कुँवर

*विस्तारवादीहरुको हित अनुरुप जनमत संग्रह जस्तो पनि गराई देशलाई सदाका लागि गुलामी बनाउने ठूलो ग्राण्ड डिजाइन यहाँ हुँदैछ । यसैले अहिले सत्ताबाट के गयो र को आयो भनी हाँस्ने र रुने बेला छैन । जनताका लागि कागलाई बेल पाक्यो न हर्ष न विस्मात । बरु बुढी मरी भनेर होइन काल पल्कियो भन्नेतिर सबैको ध्यान जानु आवश्यक छ ।*

'तित्रो बास्यो आफ्नै खति ।' यो उखान अहिले नेपालको राजनीतिमा हालका काम चलाउ प्रधानमन्त्री प्रचण्डसँग ठ्याक्कै मिल्न गएको छ । केही दिन पहिले कुनै एक कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले बडो गर्वका साथ जादुगरी नम्बर छ घुमाई फिराई पाँच वर्ष यही सरकार नै रहने निश्चित भएको बताएका थिए । यो कुनै प्रसंगमा एमाले अध्यक्ष ओलीले जस्तो ठट्टा जोकको रुपमा नभएर साँच्चै नै आफ्नो पार्टीको ऐतिहासिक पृष्ठभूमि र यसले उठाएका विभिन्न एजेण्डाहरुको आधार उल्लेख गर्दै हामीलाई हटाउन त्यति सजिलो छैन भन्दै कांग्रेस, एमालेलाई दुष्कारेका थिए । हुन पनि बहुमत ठूलो चुनावी जनमत कांग्रेस-एमालेको पक्षमा भए पनि ३२ सिटे एकीकृत माओवादीले सरकारको नेतृत्व गर्दै आएको छ । यो प्रम प्रचण्डले भने जस्तै उनको जादु फुमन्तरको करामत हो वा कांग्रेस-एमालेको लाहाचार र अकर्मण्यताले हो ? चर्चाको विषय छ । तर यो जादु गरी नम्बर बारेको बोलाई नै अहिले प्रचण्डका लागि खति भएको छ ।

प्रधानमन्त्री प्रचण्डले आफ्ना पार्टीको भूमिका र यसले उठाएका एजेण्डाहरुको बारेमा जे भने पनि खासमा यो कांग्रेस, एमालेहरुकै हुतिहारापनकै कारण थियो । कांग्रेसलाई एमालेको डर र घृणा अनि एमालेलाई कांग्रेसको डर घृणा । आफू मरे भुतै राजा भने जस्तै कांग्रेसलाई एमालेलाई भन्दा र एमालेलाई कांग्रेसलाई एमाओवादी नै सत्ता सुम्पने काम कांग्रेस, एमालेहरुकै कारण भयो । यसमा केवल केही भूमिका मात्र प्रचण्डको रहयो । कहिले कांग्रेसको दलाली भने कहिले एमालेको अनि षडयन्त्र, जालझेल, खुराफाती मात्र प्रचण्डको भूमिका रह्यो । उनको यो चाललाई उनी र उनको पार्टीभित्रका आसेपासे- दलालहरुले प्रचण्डको राजनीतिक कला वा चमत्कारी भनी आजसम्म प्रशंसा गरिरहे । यही सस्तो प्रशंसाले प्रचण्डलाई आधार विनाको उचाईमा पुर्‍यायो । त्यो उचाइबाट तल हेर्दा प्रचण्डले कांग्रेस-एमालेलाई धेरै पुडको र फिस्टो जस्ता मात्रै देख्न पुगे । हुँदाहुँदा आफूले पटक-पटक कांग्रेस एमालेसँग भए गरेका सबै सर्त समझदारीहरुलाई लत्याउँदै यी केही पनि होइनन् भन्ने गरी एक्लो छाडा असनको साडे जस्तै प्रचण्ड दुक्रदै हिंड्दा बल्ल कांग्रेस, एमालेको चेत खुल्यो । अनि बल्ल अहिले प्रचण्ड भए मुसिका भवः । कांग्रेस, एमालेले ललाई फकाई प्रचण्डलाई औंलो दिंदा प्रचण्डले डुडुल्लो नै निल्न खोज्दाको परिणाम नै हो यो ।

तै पनि रात गए अग्राक पलाउँछ, सास छउञ्जेल आश भने जस्तै अब पनि प्रचण्डले, खुरुक्क पदबाट राजीनमा नदिई पुनः अनेक खाले बखडा, षड्यन्त्र र जालझेल गर्ने मै छन् । तत्काल राजीनामा नदिई अविश्वासको प्रस्तावको सामना गर्ने तरखरमा छन् । संसदीय सदनको गणितमा कांग्रेस-एमालेकै गणित अत्यधिक छ । कांग्रेस-एमाले बाहेकका अरु सबै दलहरु मिल्दा पनि बहुमत हुने देखिंदैन । तैपनि प्रचण्ड सदनमा त्यसको सामना गर्ने भनिरहेका छन् । यो प्रचण्डको हरुवा गोरुको छेरुवा दाउँ मात्रै हो । अब फेरि प्रचण्डले बहुमत जुटाउने कुनै उपाय नै छैन । जानीबुझी नै उनी यो गर्दैछन् । यसका पछाडि पहिलो कारण उनको चरम सत्तालिप्सा । जुको टाँसिए जस्तै सकेसम्म सत्ता नछाड्ने । त्यसमा चिप्किरहने रहने । बाहिरिन परे अनेक खाले आरोप प्रत्यारोप लगाएर मात्र बाहिरिने । अहिले नै भनिसकिएको छ यो अस्वाभाविक र अप्राकृतिक षड्यन्त्र र यसको पर्दाफास गरिने ।

कांग्रेस-एमालेबीचको यो गठबन्धन कुन अर्थमा अस्वाभाविक र अप्राकृतिक छ ? हिजो कांग्रेस-एमाओवादीबीचको सत्ता गठबन्धन मात्रै होइन चुनावी गठबन्धन । कांग्रेसले माओवादीको हँसिया हथौडामा र माओवादीले कांग्रेसको रुख चुनावी चिन्हमा छाप लगाउने चाहिँ स्वाभाविक र प्राकृतिक गठजोड हुने तर कांग्रेस-एमालेबीच भने चुनावी नभई सत्तागठबन्धन मात्र गर्दा फेरि यो अस्वाभाविक र अप्राकृतिक हुने कस्तो अचम्मको तर्क छ यो ? 'कांग्रेस-एमाले त स्वाभाविक रुपले २०४५/२०४६ सालदेखि नै संसदीय र चुनावी हुँदै सत्ता पक्षीय र प्रतिपक्षीय दल बन्दै आएका दलहरु हुन् । संसदका सत्तापक्ष र प्रतिपक्ष भनेका एउटा सिक्का दुई पाटा जस्तै नङ मासुको सम्बन्ध भएजस्तै हो ।

बरु माओवादी त १० वर्षे माओवादी जनयुद्ध लडी आएको आफ्नो पार्टीको मूल आधारभूत सिद्धान्त भनेको मार्क्सवाद-लेनिनवाद अझ मुख्य गरेर माओवाद नै हो भनिन्छ । तर यस्तो पार्टी एमाओवादी कांग्रेसको बुई चढी चुनावी एकता गर्ने नीति यो पनि तत्कालीन नभई दीर्घकालीन रणनीतिलाई कसरी स्वाभाविक र प्राकृतिक होला ? पटक-पटक प्रचण्ड र उनका दलका नेताहरुले कांग्रेस-माओवादीबीचको यो चुनावी एकता यो पाँच वर्षे अवधिको लागि मात्रै नभई अरु बढी कार्यकालसम्म रहिरहने भन्दै आएका थिए । तर जब कांग्रेसी महासमितिको भेलाले अब आइन्दा अरु कोहीसँग पनि चुनावी एकता र तालमेल नगरी एक्लै चुनावी प्रतिस्पर्धा गर्ने निर्णयका कारण प्रचण्ड एकाएक कांग्रेसी ध्रुर्वबाट एमाले ध्रुर्वमा अर्थात् वल्लो घरको नरे पलो घरमा सरेको मात्र हुन् । तर अहिले प्रचण्ड न यता न उता उत्तानो परे ।

त्यसैले कुन स्वाभाविक र अस्वाभाविक अनि कुन प्राकृतिक र अप्राकृतिक भन्ने यो कुतर्क मात्र हो । वास्तवमा यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ता यसमा के को नैतिकता र इमानदारिता ? जे गर्दा पनि हुन्छ । राजीनामा नदिई अरु केही दिन अर्थात बाँकी तीस दिन रहनुको कारण आफ्नो व्यक्तिगत लेनदेन हिसाब किताब मिलाउनु पनि छ । यति छिटो यसरी सत्ता छोड्न पर्ला भन्ने प्रचण्डलाई लागेकै थिएन । सपनाजस्तै भएको छ । जसरी प्रचण्डले देउवालाई सपना जस्तै बनाएका थिए त्यस्तै सपना जस्तै अहिले ओलीले प्रचण्डलाई पारेका छन् । आजसम्म प्रचण्डले राज्यको दोहन त कति गरे कति गरे ? हिसाब किताब नै छैन । कति गर्ने सपना थियो ती सबै अहिले हावाले उठायो । प्रचण्ड तिरमिराएका छन् । तैपनि केही अधुरा र बाँकी लेनदेन बक्यौता, कमिशन, ठेक्कापट्टा, सरुवा-बढुवा साथै कृर्ते, जालसाझी, नीतिगत निर्णय आदि सच्याउन पर्ने वा लुकाउन र गायब पार्नु पर्ने यी सबैका लागि पनि प्रचण्ड अझैं अन्तिम समय पनि राजीनामा नदिई सत्तामा टाँसिरहनु पर्ने नै छ । अझ सम्भव भए त ओलीले जस्तै यो सदन नै भंग गराउनमा समेत प्रचण्ड पछि पर्ने थिएननन् । तर के गर्ने आफैले बनाएका राष्ट्रपति रामचन्द्र पौडेल उनको फेबरमा नभएकाले त्यो सम्भव नहोला । हुन त यसरी सत्तामा सकेसम्म अन्तिम समयसम्म चिप्किरहने यो चाला अहिले प्रचण्डको मात्रै होइन । यसमा पहिलाका प्रधानमन्त्री केपी ओली अनि मनमोहन अधिकारी र गिरिजाप्रसाद कोइरालामा पनि देखिएकै हो । सारमा यो सामन्ती दलाल र नोकरशाही, बुर्जुवा राज्यसत्ताकै मूल चरित्र र विशेषता हो । जसको शक्ति उसको भक्ति ।

प्रचण्ड यसरी सत्ताबाट गलत्याइनुका पछाडिको मूल कारण त प्रचण्डकै छ जुन माथि भनिसकियो । जस्तो बिउ रोप्यो त्यस्तै फुल्छ, र फल्छ । प्रचण्डको यो षड्यन्त्र, जालझेल मुखले रामराम बगलीमा छुरा । जुन बिउ आजसम्म प्रचण्डले रोप्दै आएका थिए । आज त्यही बिउ अर्थात् त्यही शैली अहिले ओली देउवाले अपनाए त के बिगारे ? जस्तालाई जस्तै । यसमा अब प्रचण्डले आफ्नै कर्म र शैलीलाई आफैं धिक्कार्नुको अर्को विकल्प छैन । अझ अलिकति पनि राजनीतिक नैतिकता भए आफ्नै पार्टी नेतृत्वबाट पनि हट्नु नै राम्रो हुन्छ । तर उनमा अहिले अत्यन्त ठूलो पदीय महत्वकांक्षा, लोभ, लालच, प्रतिरोध र बदलाको राक्षसी भावना बढिसकेको छ । यसले उनलाई कि मार्ने र मर्नेसम्मको स्थितिमा पुर्‍याउने त होइन ? विचारणीय कुरा त यो छ ।

अर्को एउटा उखान छ 'चरितार्थ छहुञ्जेलको भाँडो नत्र ठाडो' ठीक आज यो नियति प्रचण्डले भोग्ने स्थितिमा पुगेका छन् । विश्व साम्राराज्यवादी र विस्तारवादीहरुले आजसम्म उनलाई ललाई फकाई धेरै उपयोग गरे । राष्ट्रघाती नागरिक विधेयक पारित गराए । देशका थुप्रै नदीनाला विदेशीलाई सुम्पिए । एमसीसी अमेरिकी परियोजना लागू गराए । तर चिनियाँ बीआरआइ परियोजनाप्रतिको उनको ढुलमूले नीतिले गर्दा अब उनीहरुका लागि प्रचण्ड ठाडो बनेर मिल्काइए । यस्तै नियति फेरि अब एमाले अध्यक्ष ओलीले पनि भोग्ने दिन आउँदैछ । अहिले नै बढी चुरीफुरी नगरे हुन्छ, ओलीले पनि । देश त साम्राज्यवादी, विस्तारवादीहरुको गुलामी बनिसकेको छ । अब यिनीहरुले यहाँ ढुक्कसित राज गर्दै विश्वयुद्धको अभ्यास गराइँदैछ ।

कांग्रेस-एमाले बीचको गठबन्धनका लागि बाहिर जे भनिए पनि खासमा कारण यही छ । देउवा-ओलीबीचको गोप्य भेटघाट र वार्तामा देउवा पत्नी आरजु देउवाको उपस्थितिले यही संकेत गर्दैछ । हुनत कतिपयले यसलाई भुटानी शरणार्थी र गिरिबन्धु टि गार्डेन काण्डसँग पनि जोडी हेर्ने गरेका छन् । यो त फगत एउटा आन्तरिक कारण मात्रै हो । बाह्य कारण त माथि भने जस्तै छ । दुई तिहाई बहुमतको दण्डा देखाएर अड्डा अदालत र संवैधानिक निकाय सबलाई सके, आफ्नै फेबरमा राख्ने त्यो नभए मौन र निस्क्रिय पार्ने त्यसपछि संविधान संशोधनको हल्ला चलाएर जनतालाई केही राहत दिने खोजे जस्तो पनि गर्ने आखिर आवश्यक नै परे साम्राज्यवादी र विस्तारवादीहरुको हित अनुरुप जनमत संग्रह जस्तो पनि गराई देशलाई सदाका लागि गुलामी बनाउने ठूलो ग्राण्ड डिजाइन यहाँ हुँदैछ । यसैले अहिले सत्ताबाट के गयो र को आयो भनी हाँस्ने र रुने बेला छैन । जनताका लागि कागलाई बेल पाक्यो न हर्ष न विस्मात । बरु बुढी मरी भनेर होइन काल पल्कियो भन्नेतिर सबैको ध्यान जानु आवश्यक छ ।

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो



काठमाडौँ । यो साता कारोबारको अन्तिम दिन बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले बढ्दा कारोबार रकम पनि उच्च देखिएको छ । नेप्से परिसूचक १५ दशमलव ४६ अङ्कले बढेर दुई हजार एक सय १९ दशमलव ६९ अङ्कमा कायम भएको हो ।

तीन सय १३ कम्पनीको दुई करोड २१ लाख ६७ हजार छ सय ७९ कित्ता शेयर ८४ हजार एक सय २६ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ४८ करोड २५ लाख ४६ हजार नौ सय ८० बराबरको कारोबार भएको छ ।

वित्त समूह शून्य दशमलव ५९ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १५ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै विकास बैंक समूहको उपसूचक तीन दशमलव ४३ प्रतिशतले बढेको छ ।

बैंकिङ शून्य दशमलव ४८, होटल तथा पर्यटन एक दशमलव ७५, जलविद्युत् शून्य दशमलव २२, लगानी एक दशमलव ८९ र जीवन बिमा एक दशमलव ९७ प्रतिशतले बढेको छ । त्यसैगरी, लघुवित्त शून्य दशमलव २१, म्युचुअल फन्ड शून्य दशमलव २४, निर्जीवन बिमा शून्य दशमलव ५८, व्यापार शून्य दशमलव ४८ र व्यापार समूह शून्य दशमलव १५ प्रतिशतले बढेको छ ।

आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य चार दशमलव ७५ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रु तीस करोड नौ लाख चार हजार छ सय ९४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने एनआइसी एसिया ब्यालेन्स फण्डको ३५ लाख एक हजार दुई सय कित्ता शेयर किनबेच भएको छ । रासस

# बच्चाको ब्रेनको विकासका लागि के खुवाउने ?

बच्चाको शरीरको विकास उसको खानपानमा निर्भर गर्छ । यसका साथै मानसिक विकास पनि स्वस्थ र पौष्टिक आहारमा भर पर्छ । यदि बच्चाको आहारमा जरुरी सबै पौष्टिक तत्व छ भने मानसिक विकास पनि तीब्र रुपमा हुन्छ ।

सामान्यतः व्यक्तिको दिमागको पूर्ण विकास ५ वर्षको उमेरसम्ममा हुन्छ । यस्तो अवस्थामा खानपानमा विशेष ध्यान दिनुपर्छ । बच्चाको खानामा प्रोटिन, कार्बोहाइड्रेट, फ्याटी एसिडयुक्त आहारा चाहिन्छ । यसले शरीर र दिमागको उर्जा कायम राख्छ ।

बालबालिकाको मष्तिष्कको विकासका बारेमा गरिएको एक अध्ययनमा आमाको खानपानको असर बच्चाको दिमागमा पर्ने तथ्य सार्वजनिक भएको थियो । यदि आमाले गर्भावस्थामा ओमेगा ३ फ्याटी एसिडयुक्त खाना बढी सेवन गर्छिन् भने बच्चाको दिमाग तेज हुन्छ ।

अमेरिकन एकेडेमी अफ पेडियाट्रिक तथा नेशनल इन्सिच्युट अफ चाइल्ड एण्ड ह्युमन डेभलपमेन्ट र सेन्ट्रल फर डिजिज कन्ट्रोलले संयुक्त रुपमा गरेका यो अध्ययनअनुसार ओमेगा ३ फ्याटी एसिड म्याकरेल, टुना, सारडाइन्स र सालमल माछामा बढी हुन्छ । यसैले बच्चाको स्वस्थ र तेज दिमागका लागि आमाले गर्भावस्थामा यस्ता पदार्थ भएको खाद्यपदार्थ सेवन गर्नुपर्छ । यसका अलावा हरियो सागसब्जीमा पनि ओमेगा ३ फ्याटी एसिड पाइन्छ ।

**हरियो सागसब्जी**

बच्चाको दिमागको विकासका लागि हरियो सागसब्जी खुवाउनुपर्छ । बच्चालाई ६ महिनापछि ठोस आहार दिइन्छ । त्यसपछि उसलाई खानामा पालुंगो, बन्दा जस्ता सागसब्जी दिन सकिन्छ । यिनमा ओमेगा ३ फ्याटी एसिड पाइन्छ ।

**ओखर**

ओखर खानाले पनि दिमाग तेज हुन्छ । ओखरलाई बिहान नास्ता या दिउँसोको खानामा समावेश गर्न सकिन्छ । यसमा ओमेगा ३ फ्याटी एसिडका अलावा फाइबर, भिटामिन बी, म्याग्नेसियम र एन्टी अक्सिडेन्ट अधिक मात्रामा पाइन्छ । यसैले बच्चाको खानामा यसलाई समावेश गर्नुपर्छ । बच्चालाई किसमिस, बदाम पनि खुवाउन सकिन्छ ।

**माछा**

९ महिनाको उमेरपछि बच्चालाई मासु र माछा पनि खुवाउन सकिन्छ । बच्चाको दिमागको पूर्ण विकासका लागि माछा खुवाउनाले ओमेगा ३ फ्याटी एसिड पाइन्छ । यसैले गर्भावस्थाकै क्रममा आमालाई माछा खुवाउनुपर्छ ।

**दूध र दही**

बच्चाको दिमागी विकासका लागि दूध र दही दिन सकिन्छ । दहीले दिमागको कोषलाई लचिलो बनाउँछ र यसले संकेत लिने र त्यसमा तत्काल प्रतिक्रिया जनाउने क्षमता बढ्छ । चिल्लोरहित दूध प्रोटिन, भिटामिन डी र फस्फोरसको भण्डार पनि हो, जो दिमागका लागि जरुरी हुन्छ ।

बच्चालाई फास्टफुड र जंकफुड कुनै पनि हालतमा नदिनुस्, यसमा दिमागको विकासका लागि जरुरी पौष्टिक तत्व हुँदैनं । बच्चाको डाइट चार्ट बनाउँदा चिकित्सकको सहयोग लिन सक्नुहुनेछ ।

स्वास्थ्य खबरबाट

# एसईईमा नवलपुरका १२ विद्यालयको नतिजा शून्य



नवलपुर (नवलपरासी) । हालै सार्वजनिक माध्यमिक शिक्षा परीक्षा (एसईई)मा नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का १२ विद्यालयको नजिता ‘शून्य’ आएको छ। विसं २०८० को एसईईमा सहभागी भएका एक सय ३९ विद्यालयमध्ये एउटा प्रविधिकसहित नौवटा सामुदायिक विद्यालय र तीन वटा संस्थागत विद्यालयको नतिजा शून्य आएको हो ।

जिल्लामा शून्य नतिजा ल्याउने विद्यालयमध्ये मध्यविन्दु नगरपालिकामा चार, गैंडाकोट नगरपालिकामा दुई , हुप्सेकोट गाउँपालिकामा दुई, बुलिङटार गाउँपालिकामा दुई र विनयी त्रिवेणी गाउँपालिकामा दुई छन् । जिल्लाको मध्यविन्दुमा दुई संस्थागत विद्यालय एवं सामुदायिकतर्फ एक प्राविधिक धारको विद्यालय र साधारण विद्यालय रहेका शिक्षा विकास तथा समन्वय एकाइ नवलपुरले जनाएको छ । एकाइ प्रमुख रुद्र शर्माका अनुसार मध्यविन्दुको संस्थागततर्फ तमासपुरको सनराइज इङ्ग्लिस स्कुल र वर्ल्ड लाइट इङ्ग्लिस बोर्डिङ स्कुल रहेका छन् ।

त्यस्तै, सामुदायिकतर्फ रत्नराज्य माध्यमिक विद्यालय र प्राविधिक धारको जनता माध्यमिक विद्यालय अरुणखोला छन् । सन्राइजले सात विद्यार्थी, वर्ल्ड लाइटले छ विद्यार्थी, रत्नराज्यले आठ विद्यार्थी तथा जनता माविले २२ विद्यार्थी एसईईमा सहभागी गराएकामा सबै विद्यार्थी ‘अनुत्तीर्ण’ भएको एकाइ प्रमुख शर्माले जानकारी दिए ।

त्यसैगरी विनयी त्रिवेणीमा एक/एक संस्थागत र सामुदायिक विद्यालयको नतिजा शून्य आएको छ । उनका अनुसार विनयी त्रिवेणीको संस्थागततर्फ दाउन्नेको अहिंसावादी महाबौद्ध अनाथ माध्यमिक विद्यालय तथा सामुदायिकतर्फ कुदापानीको भवानी माध्यमिक विद्यालयले एसईईमा विद्यार्थी उत्तीर्ण गराउन सकेनन् । अहिंसावादी विद्यालयबाट चार र भवानी माविबाट १० विद्यार्थी एसईईमा सहभागी भएका थिए ।

जिल्लाको गैंडाकोट नगरपालिकामा दुई विद्यालयको नतिजा शून्य आएको एकाइ प्रमुख शर्माले बताए । उनका अनुसार दमारको बालज्योति माध्यमिक विद्यालय र श्रीमद् रामानुज बेद विद्याश्रमको नतिजा शून्य आएको हो । बालज्योतिबाट ११ एवं बेद विद्याश्रमबाट तीन जना विद्यार्थी एसईईमा सहभागी थिए । गैंडाकोटको दमारमा रहेको विद्यालय जिल्लाकै बिकट ठाउँको विद्यालयको रुपमा रहेको उनले जानकारी दिए ।

हुप्सेकोटको जनता माध्यमिक विद्यालय गुहेरी र जनकल्याण राष्ट्रिय माध्यमिक विद्यालय शंखदेवको नतिजा शून्य आएको छ । ती दुवै सामुदायिक विद्यालय हुन् । जनता माविबाट १५ जना विद्यार्थी र जनकल्याणबाट १८ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । जिल्लाको बुलिङटारबाट एसईईमा सहभागी भएका विद्यालयमध्ये गोरखकाली माध्यमिक विद्यालय अर्खला र जनजागृति माध्यमिक विद्यालय ढाडबैंसीको नतिजा शून्य आएको छ ।

नतिजा शून्य ल्याएका दुवै सामुदायिक विद्यालयमध्ये गोरखकालीबाट सात र जनजागृतिबाट चार विद्यार्थी एसईईमा सामेल भएका एकाइ प्रमुख शर्माले बताए । उनका अनुसार जिल्लाबाट सहभागी भएका प्रविधिक धारतर्फका आठवटा सामुदायिक विद्यालयमध्ये दुईवटा विद्यालयले सतप्रतिशत नतिजा निकालेका छन् । रत्नराज्य लक्ष्मी माध्यमिक विद्यालय मुकुन्दपुर र डेढगाउँ माध्यमिक विद्यालयबाट एसईईमा सहभागी सबै विद्यार्थी उत्तीर्ण भएका थिए ।

जिल्लामा सामुदायिकतर्फ ८७ विद्यालयबाट चार हजार पाँच सय २३ विद्यार्थी एसईईमा सहभागी भएकामध्ये एक हजार आठ सय ५३ विद्यार्थी उत्तीर्ण भएका छन् । सामुदायिक विद्यालयतर्फ उत्तीर्ण विद्यार्थी ४० प्रतिशत रहेका जनाउँदै एकाइ प्रमुख शर्माले सामुदायिक विद्यालयबाट दुई हजार छ सय ७० विद्यार्थी ‘अनुत्तीर्ण’ भएका जानकारी दिए । संस्थागततर्फ ५२ विद्यालयका एक हजार चार सय चार विद्यालय एसईईमा सहभागी भएकामध्ये नौ सय ८७ विद्यार्थी उत्तीर्ण भएको शर्माको भनाइ छ ।

संस्थागत विद्यालयका विद्यार्थी उत्तीर्ण प्रतिशत ७० रहेको रहेको जनाउँदै उनले संस्थागत विद्यालयबाट चार सय १७ विद्यार्थी एसईईमा ‘अनुत्तीर्ण’ भएका जनाए । जिल्लामा अनुत्तीर्ण भएका तीन हजार ८७ विद्यार्थी साउनमा हुने ग्रेडवृद्धि परीक्षामा सामेल भएर उत्तीर्ण भए कक्षा ११ मा अध्ययन गर्न पाउने एकाइ प्रमुख शर्माले जानकारी दिए ।

जिल्लाका एक सय ३९ विद्यालयबाट एसईईमा सहभागी भएका पाँच हजार नौ सय २७ विद्यार्थीमध्ये दुई हजार आठ सय ४० विद्यार्थी उत्तीर्ण भएका उनले बताए । जिल्लामा एसईईमा उत्तीर्ण विद्यार्थीको प्रतिशत ४७ दशमलब ९२ रहेको उनको भनाइ छ ।

# स्थापना दिवसमा संस्थापक सम्मान




बुटवल । रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका-९ मंगलापुरस्थित तिलोत्तमा उद्योग वाणिज्य संघले दशौं स्थापना दिवस मनाएको छ । २०७१ साल असार १८ गते स्थापना भएको संघले सम्मान तथा स्वागत कार्यक्रमसहित आफ्नो स्थापना दिवस मनाएको हो ।

स्थापना दिवसको अवसरमा संघले संघका संस्थापक अध्यक्ष गुणनिधि भण्डारी(माधव)लाई संघको स्थापना कालदेखि हालसम्म संस्थागत विकास, संस्थागत सम्बन्ध विस्तार र व्यवसायिक हकहितको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै दोसल्ला ओढाएर सम्मान-पत्रद्वारा सम्मान गरेको छ ।

यस्तै स्तरोन्नति भई प्रहरी निरीक्षकको दरबन्दी कायम भएको इलाका प्रहरी कार्यालय मंगलापुरका प्रमुख प्रहरी निरीक्षक सुनिल थापा नेपालीलाई संघले सम्मानसहित स्वागत गरेको छ ।

स्थापना दिवस समारोहमा बोल्दै तिलोत्तमा नगरपालिकाका प्रमुख तथा संघका प्रमुख सल्लाहकार रामकृष्ण खाँणले तिलोत्तमा उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यहरु आत्मविश्वासका साथ अगाडी बढेकाले आफ्नै सुविधा सम्पन्न भवन निर्माण गर्नुका साथै व्यवसायीहरुको हकहित, क्षमता वृद्धि र सुरक्षाका क्षेत्रमा धेरै राम्रो काम गर्न सफल भएको बताए ।

कार्यक्रममा संघका संस्थापक तथा निवर्तमान अध्यक्ष गुणनिधि भण्डारी(माधव), संघका नवनिर्वाचित अध्यक्ष ज्ञानेन्द्र कार्की, वरिष्ठ उपाध्यक्ष सुरज पंगेनीलगायतले राज्यका कुनै पनि नीति नियम र कानुन उद्योग व्यवसाय मैत्री नभएर भएका उद्योग व्यवसायलाई धरासायी बनाउने खालका भएकाले यसका विरुद्ध सबै उद्योगी ब्यवसायी एकजुट भएर लाग्नुपर्ने आवश्यक्ता औंल्याएका थिए ।

कार्यक्रममा संघको विधानअनुसार कार्यसमितिले सदस्यमा मनोनित गरेका ७ जना कार्यसमिति सदस्य मानार्थ सदस्य हरिलाल पाण्डे, संवद्ध सदस्य गोविन्द भुसाल, एशोसिएट सदस्य चन्द्रकुमार दुवे, महिला सदस्य बसुन्धरा पंगेनी, खुल्ला सदस्य गंगाधर अधिकारी, गोपाल सुवेदी र ऋषि सुवेदीलगायतलाई संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले सपथ ग्रहणसहित पदस्थापन गराएका थिए ।

यस्तै कार्यसमितिले मनोनित गरेका प्रमुख सल्लाहकार रामकृष्ण खाँण, वरिष्ठ सल्लाहकार बालकृष्ण भुसालसहित १७ सदस्यीय सल्लाहकारहरुलाई प्रमाण-पत्र प्रदान गरिएको थियो । सो अवसरका संघका संस्थापक सल्लाहकार कृष्णप्रसाद पौडेल, कृष्णबहादुर गौतम, प्रहरी निरीक्षक सुनिल थापा नेपाली, संघका वाणिज्य उपाध्यक्ष विष्णु भण्डारी, महासचिव राजकुमार पाण्डेलगायतले बोल्दै संस्थागत विकास र व्यवसायिक हकहितका क्षेत्रमा संघले धेरै राम्रो काम गरेको भन्दै संघका रचनात्मक क्रियाकलाप र गतिविधिमा सबैको साथ सहयोग जरुरी रहेको धारणा राखेका थिए ।

# तुलसीपुरमा क्षयरोगका बिरामी खोजी अभियान



तुलसीपुर (दाङ) । नेपाललाई क्षयरोगका बिरामी मुक्त बनाउने अभियानअन्तर्गत गाउँ-गाउँमा यसका बिरामी खोजी अभियान थालिएको छ । अभियान यस वर्ष दाङका तुलसीपुर उपमहानगरपालिका र गढवा गाउँपालिकामा थालिएको छ । सोहीअनुसार गाउँ-गाउँमा गएर क्षयरोगका बिरामी पहिचान गरी उपचार थालिएको तुलसीपुर-४ स्थित हलवार स्वास्थ्यचौकी प्रमुख शिवप्रसाद तिवारीले बताए । “अहिले पनि धेरै क्षयरोगका बिरामीको पहिचान हुन सकेको छैन”, उनले भने-“यसका लागि गाउँ-गाउँमा अभियान लिएर बिरामीको खोजी गर्न थालिएको छ ।” क्षयरोगका बिरामीको पहिचान नहुँदा रोग सार्ने जोखिम उच्च रहेको जनाउँदै यो अभियान थालिएको हो ।

गाउँ-गाउँमा गएर खकार परीक्षण गर्ने, गाउँ-गाउँमा गएर यो रोगबारे जनचेतना अभिवृद्धि गराउनेजस्ता कार्यक्रमको कार्ययोजना बनाएर सुरु गरेको उनले जानकारी दिए । जनचेतना कार्यक्रमका लागि आमा समूह, समुदाय, विद्यालय शिक्षा, ‘होर्डिङ बोर्ड’ निर्माण गर्ने, भित्ते लेखन तथा माइकिङ गर्ने कार्य हुने प्रमुख तिवारीले बताए । उनका अनुसार अहिलेसम्म तुलसीपुर-४ मा सात जना क्षयरोगीले उपचार गराइरहेका छन् ।

तुलसीपुरमा चालु वर्षमा दुई सय ६५ क्षयरोगी छन् । तीमध्ये एकसय ३२ जनामा खकार देखिएका, ३६ जना खकारमा नदेखिएका र ७२ जना फोक्सोभन्दा बाहिर रहेको तुलसीपुर उपमहानगरपालिका स्वास्थ्य महाशाखाका श्रोत व्यक्ति विमल केसीले बताए ।

उनका अनुसार चालु वर्षमा क्षयरोगबाट तुलसीपुरमा आठ जनाको मृत्यु भएको छ । सबै क्षयरोगी सम्पर्कमा नआउने भएकाले पनि उनीहरुको खोजी गर्ने गरी अभियान सञ्चालन हुने उनको भनाइ छ ।

“धेरै क्षयरोगी स्वास्थ्य संस्थाको सम्पर्कमा नआउँदा एथेष्ट जानकारी आउने गरको छैन”, उनले भने-“यसले गर्दा क्षयरोगीका बिरामीले अरुलाई पनि सारिरहेका हुन सक्छन्, त्यसैले अहिले सबै वडामा यस्तो कार्यक्रम चलिरहेको छ ।” उनका अनुसार आँकडाअनुसार तुलसीपुरमा चारसय ३८ को हाराहारीमा बिरामी पहिचान हुनुपर्ने भए पनि त्यसो छैन । तुलसीपुरमा सबैभन्दा बढी ६५ वर्षमाथिका व्यक्तिमा क्षयरोगको समस्या देखिएको छ ।

चुरोट, गुट्खा, जाँड,रक्सी खाने व्यक्तिमा बढी यो समस्या देखिने गरेको केसीले बताए । दाङमा एक हजार चार सय ५३ जना क्षयरोगका बिरामी भेटिएका छन्, भने लुम्बिनी प्रदेशमा आठ हजार ८५ बिरामी छन् । दाङमा क्षयरोग परीक्षणका लागि दुईवटा आधुनिक उपकरण रहेका छन् । एउटा उपकरण घोराही र एउटा लमही रहेका छ । त्यस्तै ‘माइक्रोस्कपी’ २०, ‘डिओटिएस’ ५० छन् । गत आवमा २५ स्थानीय तहमा यो कार्यक्रम चलेको थियो ।

## लुम्बिनीमा...

**महरालाई राजीनामा दिन एमालेको आग्रह**

यसो त एमालेले मुख्यमन्त्री महरालाई राजीनामा बुझाउन अनुरोधसमेत गरिसकेको छ । मुख्यमन्त्री महराले भने आर्थिक भुक्तानीलगायतका काम सकाउनुपर्ने भन्दै असार २४ गतेसम्म को समय माग गरेका छन् ।

रोल्पाबाट प्रतिनिधित्व गर्ने नेकपा माओवादी केन्द्र संसदीय दलका नेता महरा २०८० चैत २३ गते एमालेसहित पाँच दल र एक स्वतन्त्र गरी ४८ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए । विकसित राजनीतिक घटनाक्रमका आधारमा तीन महिना नपुग्दै एमालेका पाँच मन्त्रीले राजीनामा बुझाउने निश्चित भइसकेको छ ।

‘अल्पमतमा परिसकेपछि नैतिक रुपमा राजीनामा दिई मार्ग प्रशस्त गर्नु उचित हो,’ उनले भने-‘उहाँले राजीनामा दिई मार्ग प्रशस्त गर्नु हुन्छ वा विश्वासको मत लिन खोज्नु हुन्छ । त्यो केही समय प्रतिक्षाको विषय बन्ने छ ।’

मुख्यमन्त्री महराले बिहीबार बिहान ११ बजे बोलाएको मन्त्रिपरिषद् बैठक समेत एमालेका मन्त्रीहरूले बहिष्कार गरेका थिए । यसअघि एमाले नेता लिला गिरी मुख्यमन्त्री हुँदा महरा तीन महिना उनको मन्त्रीमण्डलमा सहभागी भएका थिए । त्यतिबेला महरा प्रदेशको अर्थमन्त्री बनेका थिए । पछि संघमा कांग्रेससँग गठबन्धन गरेपछि गिरी नेतृत्वको सरकार अल्पमतमा परी ढलेको थियो ।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही

मिति: २०८१/०३/२० को

**सुनचाँदीको बजारभाउ**

छापा सुन प्रति तोला : १,४३,२००
तेजावी सुन प्रति तोला : १,४२,५००
चांदी प्रति तोला :१,८५५

## हकदाबी सम्बन्धी ३५ दिने सूचना

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, शुद्धोधन गाउँपालिका, वडा नं. ५ बस्ने वंशी यादवकी छोरी चन्द्रिका यादवकी पत्नि सुर्यमति यादवले हिमालयन बैंकको भैरहवा शाखामा विशेष पारिश्रमिक बचत खाता नं. ०१२००२८९७९००१५ खोली कारोवार गर्दै आउनु भएकोमा खातावाल सुर्यमति यादवको मिति २०८१।०२।१५ मा मृत्यु भएको र इच्छाएको व्यक्ति चन्द्रिका यादवको समेत मिति २०७६।११।१० मा मृत्यु भएको हुनाले, उक्त खातामा रहेको रकम हस्तान्तरण गरी खाता बन्द गरी पाउँ भनी मृतकको देवर गंगा राम अहिरले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

सिद्धार्थनगर भैरहवा, रुपन्देही

मर्चवारी गाउँपालिकाको अनुरोध

डेंगीबाट कसरी बच्ने

-बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
-लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
-घर, कार्यालय र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
-पानी राखेको भाडालाई छोपेर राखौं ।
-लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
-लामखुट्टेको टोकाईबाट बच्न मलम लगाऔं ।
-घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं ।
-सुत्ने बेलामा झुल लगाएर सुतौं ।
-कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
-कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फल दानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

अनुरोधक :
मर्चवारी गाउँपालिकाको
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**भैंसीको व्यापारः**
दाङको घोराही उप-महानगरपालिका-१८ स्थित नवलपुरको कटुवा खोला किनारमा बिहीबार भैंसी किनबेच हुँदै। नवलपुरमा हरेक वर्ष असार/साउन महिनामा दाङको देउखुरीबाट बिक्रीका लागि भैंसी लिएर किसान आउने गर्छन्। तस्विरः कुलदीप न्यौपाने/रासस

# सामाजिक क्षेत्रमा अध्यक्ष चापागाईंको अग्रसरता, जन्मदिनमा आश्रममा सहयोग




बुटवल। हरेक सुखद अवसरमा सामाजिक गतिविधि बढ्ने क्रम बढिरेको छ। विशेषतः जन्मदिनमा हुने खर्च कटाएर समाजिक कार्यमा लागाउने प्रचलन बढिरहेको छ। यसैबीच रुपन्देहीको तिलोत्तमा नगरपालिका-२ निवासी मोहन चापागाईंले रचनात्मक काम गरेर जन्म दिन मनाएका छन्।

दैनिक लुम्बिनीका अध्यक्ष एवं नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्व अध्यक्ष, प्रेस चौतारी नेपालका पूर्व केन्द्रीय उपाध्यक्ष एवं एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य तथा प्रेस चौतारी विभागीय इञ्चार्ज रहेका चापागाईंले आफ्नो जन्मदिन मनकारी कामका लागि उपयोग गरेका हुन्। उनले जन्म दिन मनाउने खर्चलाई रचनात्मक काममा लगाउँदै रामचन्द्र मैनादेवी अनाथ आश्रम मणिग्राममा आर्थिक सहयोग प्रदान गरेका छन्। रक्तसञ्चार केन्द्र बुटवलमा पुगेर रक्तदान गरेका छन्।

अघिल्ला वर्षहरुका जन्मदिन उनले कहिले वृक्षरोपण गरेर त कहिले यस्तै आर्थिक सहयोग गरेर मनाउने गरेका थिए। यसपल्ट उनले रामचन्द्र मैनादेवी अनाथ आश्रम मणिग्राममा आर्थिक सहयोग गरेका हुन्।

गत स्थानीय तहको निर्वाचनमा एमालेबाट तिलोत्तमा नगरपालिकाको मेयरको उम्मेदवार बनेका उनी कांग्रेसका रामकृष्ण खाँणसँग झिनो मतान्तरले पराजित भएका थिए। चापागाईंले आफूले ल्याएको मत बराबर २३ हजार ६३१ रुपियाँ अनाथ आश्रमका लागि सहयोग गरेका हुन्। चापागाईंले आश्रमकी अध्यक्ष मैनादेवी भण्डारीलाई सो रकम बराबरको चेक हस्तान्तरण गरेका हुन्।

त्यस्तै उनले रक्तसञ्चार केन्द्र बुटवलमा गई रक्तदान समेत गरेका छन्। आफूले हरेक वर्षको जन्मदिन यसैगरी मनाउने योजना बनाएको उनले बताए। जन्मदिन कुनै रचनात्मक कार्य गरी मनाउनुपर्छ भन्ने कुराको सन्देश अरुलाई पनि दिनका लागि आफूले यस्तो कार्य गरेको चापागाईंले जनाए। "मेरो उद्देश्य सामाजिक र रचनात्मक कामको सन्देश फैलाउनु हो।"-उनले भने। उनी नमस्ते नेपालले आयोजना गरेको वृक्षरोपण कार्यक्रममा समेत सहभागी हुँदै वृक्षरोपण गरेका थिए।

# गुल्मीमा किसानलाई 'मिल्क एनलाइजर' मेसिन



गुल्मी। जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्रले किसानलाई 'मिल्क एनलाइजर' (दूधको शुद्धता र गुणस्तर मापन गर्ने) मेसिन प्रदान गरेको छ। केन्द्रले पशुपक्षी तथा मत्स्य प्रविधि प्रदर्शनअन्तर्गत जिल्लाको धुर्कोट गाउँपालिका-५ का व्यावसायिक किसान रवीन्द्र घिमिरेलाई उक्त मेसिन प्रदान गरेको हो।

काठमाडौँमा स्नाकोत्तर तह अध्ययन पूरा गरेपछि गाउँ फर्केर तीन वर्षदेखि घिमिरे व्यावसायिक रूपमा कृषि कर्ममा लागेका छन्। गाउँमै केही गर्नुपर्छ भन्ने सोचका साथ काठमाडौँबाट गाउँ फर्किएको उनले बताए। उनले उन्नत जातका भैँसीपालनबाट दैनिक चार सय लिटर दूध सङ्कलन गरी बिक्री गरिरहेको जानकारी दिए। स्थानीय उपभोक्ता, सङ्कलक र उत्पादकलाई थप सहयोग पुऱ्याउने उद्देश्यले किसानलाई 'बायोकेमिकल मिल्क एनलाइजर मेसिन' उपलब्ध गराइएको केन्द्रका प्रमुख हुमकान्त पाण्डेयले जनाए। उनका अनुसार उक्त मेसिनबाट दूधको शुद्धतासँगै दूधमा पाइने प्रोटिन, लैक्टोज (दूधमा पाइने चिनीको मात्रा), पानीको मात्रालगायत अन्य तत्व र गुणस्तर मापन गर्न सकिने छ।

उक्त मेसिनबाट किसानलाई दूधको मूल्य निर्धारण गर्न र गुणस्तर मापन गर्न सजिलो हुने पशु चिकित्सक डा. नवीना ढकालले बताइन। दूधमा पानी र स्टार्च (माड) लगायत तत्वको मिसावट हुनेभएकाले दूधको गुणस्तर सुनिश्चित गर्न मेसिन उपयोगी हुने उनको भनाइ छ।

गुल्मीमा हालसम्म पाँच स्थानमा मिल्क एनलाइजर वितरण गरिएको छ। जिल्लाको रेसुङ्गा नगरपालिका-८ स्थित बस्नेत डेरी उद्योग, सत्यवती गाउँपालिका-६ स्थित श्रीकृष्ण डेरी पकेट समूह, सत्यवती गाउँपालिका-५ अन्तर्गत सत्यवती दुग्ध उत्पादक सहकारी संस्था र रुरु क्षेत्र गाउँपालिकाको बम्घा दुग्ध उत्पादक सहकारीलाई मिल्क एनलाइजर वितरण गरिएको कार्यालय प्रमुख पाण्डेयले जानकारी दिए।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका अनुसार जिल्लामा वार्षिक रूपमा २२ हजार दुई सय ५८ मेट्रिक टन दूध उत्पादन हुँदै आएको छ। जिल्लामा उत्पादित दूधमध्ये ८० प्रतिशत जिल्लामै खपत हुने गर्दछ भने बाँकी २० प्रतिशतमात्र बिक्री हुने गरेको पाण्डेयले जानकारी दिए।

# सरकार र आन्दोलनरत क्रसर उद्योगीबीच सहमति



काठमाडौँ। सरकार र नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासङ्घबीच सहमति भएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा बिहीबार भएको छलफलपछि आन्दोलनरत पक्षसँग तीनबुँदे सहमति भएको हो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासङ्घका अध्यक्ष तथा प्रतिनिधिसमेतको बैठकले नविकरण छुट भएका उद्योग नविकरणका लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरेको छ।

प्राकृतिक स्रोतको बाँडफाँट र उपयोगका साथै निर्माणजन्य सामग्रीको उपयोग र व्यवस्थापनमा देखिएका विद्यमान समस्या सम्बोधन गर्न मन्त्रालयले निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० संसदमा दर्ता गरिसकेको छ। उक्त विधेयक दफावार छलफलका लागि संसद्को समितिमा रहेको छ।

"उक्त विधेयक पारित भएपश्चात् क्रसर उद्योगको नवीकरणसम्बन्धी विद्यमान समस्या सम्बोधन हुने र निर्माणमुखी सामग्री उत्खनन्, व्यवस्थापन, उपयोग र नियमनमासमेत सहजता हुने भएकाले उक्त विधेयक चाँडो पारित गर्न गराउन आआफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने।"- सहमतिपत्रमा उल्लेख छ।

विसं २०७९ माघ ११ गतेको मन्त्रिपरिषद्को निर्णय र सम्मानित सर्वोच्च अदालतको आदेशको उच्च सम्मान गर्दै मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने र नेपाल क्रसर तथा खानी उद्योग व्यवसायीले क्रसर तथा खानी उद्योगको नवीकरणको विषय लिइ गरेको विरोध प्रदर्शन स्थगित गर्ने बैठकले निर्णय गरेको हो।

सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीको उपस्थितिमा प्रतिनिधिसभा राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा, प्रतिनिधिसभा उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ताहित संरक्षण समितिका सभापति अब्दुल खानससहितको बैठकले संसद्मा दर्ता भएको निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० चाँडो पारित गराउन समन्वयकारी भूमिका निर्वाह गर्ने निर्णय गरेको छ। रासस

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र



"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com